# राखेपको वार्षिकोत्सवमा पाँच खेलाडीसहित १८ सम्मानित हुने

**हिमालय टाइम्स**

काठमाडौं, २५ भदौ




राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले आफ्नो को ६१औँ वार्षिकोत्सवको उपलक्ष्यमा पाँच खेलाडीसहित १८ लाई सम्मान गर्ने भएको छ । वार्षिकोत्सव राखेपका संरक्षक प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा आज (बुधबार) भद्रकालीस्थित आर्मी अफिसर्स क्लबको सभा मण्डप हलमा हुनेछ ।

सिनियर र जुनियरमा समान एक-एक पुरुष/महिला तथा एक पारा खेलाडीलाई सम्मान गरिने जनाइएको छ । प्रशासनिक र प्राविधिकमा आठ कर्मचारी (दुई करार कर्मचारीसहित), दुई खेल पत्रकार, एक स्थानीय तह, एक प्रायोजक तथा एक राष्ट्रिय खेल संघलाई पुरस्कृत गरिने बताइएको छ । स्थानीय तह, प्रायोजक र राष्ट्रिय खेल संघलाई कदर पत्र तथा बाँकीलाई कदर पत्रसहित नगद पुरस्कारबाट सम्मान गरिनेछ । सोही अवसरमा राखेपमा २० वर्ष सेवा अवधि पूरा गरेका २३६ कर्मचारीलाई परिषद् सेवा पदक प्रदान गरिनेछ । वर्षमा हासिल गरेको उपलब्धि, सक्रियता र गतिविधिलाई मध्यनजर गरी पुरस्कृत गर्न लागिएको हो ।

कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न राखेप कार्यकारी समितिकी सदस्य नन्दा बस्यालको संयोजकत्वमा सात सदस्यीय राष्ट्रिय खेलकुद परिषद्को ६१औँ वार्षिकोत्सव उपसमिति- २०८१ गठन गरिएको छ । उपसमितिको सचिवमा प्रशासन विभागका प्रमुख प्रेमबहादुर मल्ल हुनुहुन्छ ।

त्यस्तै, पुरस्कृत गर्ने खेलाडीलगायत छनोट गर्न विभिन्न पाँच कार्यदल पनि गठन गरिएको छ । तालिम तथा प्रशिक्षण विभागकी उप-निर्देशक संगीना वैद्यको संयोजकत्वमा परिषद् सेवा पुरस्कारका लागि कर्मचारी छनोट कार्यदल, राष्ट्रिय टिम तयारीका उप-निर्देशक दीपक श्रेष्ठको संयोजकत्वमा खेलाडी छनोट कार्यदल गठन गरिएको छ । खेलकुद विकास विभागका प्रमुख सरोजकुमार पोखरेलको संयोजकत्वमा राष्ट्रिय खेल संघ तथा प्रायोजक छनोट कार्यदल, प्रचारप्रसार शाखाका प्रमुख खुशराज दाहालको संयोजकत्वमा खेलकुद पत्रकार छनोट कार्यदल तथा खेलकुद प्रतियोगिता तथा योजना विभागका प्रमुख मिनकुमार शर्माको संयोजकत्वमा स्थानीय तह छनोट कार्यदल गठन गरिएको छ ।

वि.सं. २०२१ साल भदौ १३ गते पहिलो खेलकुद ऐन लागू भएको दिनलाई राष्ट्रिय खेलकुद परिषद्ले आफ्नो वार्षिकोत्सवका रूपमा मनाउँदै आएको छ । वार्षिकोत्सवका दिन यही भदौ १३ गते राखेपले त्रिपुरेश्वरस्थित आफ्नै हातामा कार्यक्रम आयोजना गरेको थियो ।

# क्यानडा जाने क्रिकेट टोलीको बिदाइ



**हिमालय टाइम्स**

काठमाडौं, २५ भदौ

नेपाल क्रिकेट संघ (क्यान) ले आइसिसी विश्वकप लिग-२ को शृंखलाका लागि क्यानडा जाने टोलीको बिदाइ गरेको छ । मंगलबार आयोजित बिदाइ कार्यक्रममा क्यानका सचिव पारस खड्का, प्रवक्ता छुम्बी लामा, क्रिकेट म्यानेजर विनोद दास, राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङलगायतको उपस्थिति रहेको थियो ।

आइसिसी विश्वकप लिग-२ को दोस्रो सिरिज खेल्ने नेपाली टोलीको सोमबारमात्र घोषणा गरिएको थियो । मुख्य प्रशिक्षक मोन्टी देसाईले रोहितकुमार पौडेलको कप्तानीमा १६ सदस्यीय टोली घोषणा गर्नुभएको हो । सन्दीप लामिछाने १२ महिनापछि ओडिआई टोलीमा फर्किनुभएको छ । सन्दीपले एकदिवसीयमा पछिल्लोपटक भारतसँग एसिया कपमा खेल्नुभएको थियो । अर्जुन साउद पनि झण्डै १४ महिनापछि नेपालको एकदिवसीय टोलीमा पर्नुभएको छ ।

टोलीमा आसिफ सेख, अनिल साह, भीम सार्की, आरिफ सेख, कुशल मल्ल, सोमपाल कामी, करण केसी, गुलशन झा, रिजन ढकाल, ललित राजवंशी, कुशल भुर्तेल, दीपेन्द्रसिंह ऐरी र देव खनाल रहनुभएको छ ।

**नेपालको पहिलो खेल क्यानडासँग**

विश्वकप लिग २ अन्तर्गत क्यानडामा हुने त्रिदेशीय शृंखलामा घरेलु टोली, नेपाल र ओमान सहभागी हुँदैछन् । नेपालले घरेलु टोली क्यानडासँग खेल्दै आइसिसी विश्वकप लिग-२ को दोस्रो सिरिजको सुरुआत गर्नेछ । पहिलो सिरिज कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आयोजना भएको थियो । पाहुना टोली नामिबियाविरुद्धको दुवै खेलमा हार बेहोरेको नेपाल नेदरल्याण्ड्ससँग भने दुई अंक खोस्न सफल भएको थियो ।

खेल तालिकाअनुसार क्यानडामा सेप्टेम्बर १६ देखि हुने दोस्रो सिरिजमा घरेलु टोली र नेपालबाहेक ओमानले सहभागिता जनाउनेछ । नेपालले दोस्रो खेल ओमानसँग खेल्नेछ । तीन दिनको रेस्ट लिएर नेपाल पुन: घरेलु टोलीसँग खेल्न उत्रिनेछ । त्यसको दुई दिनपछि नेपालले ओमानसँग खेल्दै यो सिरिज अन्त्य गर्नेछ ।

## टमाटा कन्सल्ट्यान्ट प्रशिक्षक नियुक्त

क्रिकेट प्रशिक्षक जगत् टमाटा नेपाली राष्ट्रिय क्रिकेट टोलीको व्यवस्थापकीय भूमिकामा फर्किनुभएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले उहाँलाई आइसिसी विश्वकप लिग-२ अन्तर्गत क्यानडा भ्रमणका लागि कन्सल्ट्यान्ट प्रशिक्षक नियुक्त गरेको हो । क्यानका सचिव पारस खड्काले मंगलबार टोली बिदाइ कार्यक्रममा उहाँलाई सल्लाहकार प्रशिक्षकमा नियुक्त गरेको जानकारी दिनुभयो । सचिव खड्काले भन्नुभयो, 'दीर्घकालीन रूपमा सहायक प्रशिक्षकबारे छलफल गरिरहेका छौँ । यो टुरका लागि कन्सल्यान्ट कोचका रूपमा जगत् गुरुलाई नियुक्त गरिएको छ ।'

# राष्ट्रिय खेलाडीहरूको नि:शुल्क स्वास्थ्य परीक्षण आरम्भ



**हिमालय टाइम्स**

काठमाडौं, २५ भदौ

राष्ट्रिय टिममा रहेका खेलाडीहरूको स्वास्थ्य परीक्षण शहीद गंगालाल राष्ट्रिय हृदयरोग उपचार केन्द्रले नि:शुल्क गर्ने भएको छ । देशको प्रतिनिधित्व गरेर अन्तर्राष्ट्रिय खेलमा योगदान गर्ने सबै खेलाडीहरूको मुटुसहित नि:शुल्क स्वास्थ्य परीक्षणसम्बन्धी सम्झौता मंगलबार गरिएको हो ।

गत साउन २७ गते आफ्नो स्वास्थ्य क्षेत्रका योजना तथा प्राथमिकता घोषणाका क्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले देशका लागि खेल्ने खेलाडीहरूको स्वास्थ्य परीक्षणका लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्ने घोषणा गर्नुभएको थियो । त्रिपक्षीय सम्झौताका लागि मन्त्री पौडेलले सक्रियता लिनुभएको थियो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल र युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीको उपस्थितिमा मन्त्रालय, युवा तथा खेलकुद राष्ट्रिय खेलकुद परिषद् राखेप र अस्पतालका बीच हरेक वर्ष नि:शुल्क मुटुसहितको स्वास्थ्य परीक्षणसम्बन्धी सम्झौता गरिएको हो । सम्झौताअनुसार यसका लागि आवश्यक आर्थिक व्यवस्थापन गंगालालले आफ्नै स्रोतबाट गर्नेछ ।

हाल केन्द्रकै तर्फबाट नि:शुल्क परीक्षण भए पनि आगामी वर्षबाट थप वार्षिक कार्यक्रम बनाएर कार्यक्रम अघि बढाउने मन्त्रालयले तयारी गरेको स्वास्थ्य तथा जनसंख्या मन्त्री पौडेलको निजी सचिवालयले जनाएको छ । सम्झौता हरेक वर्ष नवीकरण गर्ने समेत व्यवस्था गरिएको छ ।

घोषणाबाट अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा देशका तर्फबाट सहभागी राष्ट्रिय टिमका ७५७ खेलाडी लाभान्वित हुनेछन् । कार्यक्रमको पारालम्पिक्समा कांस्य पदक विजेता पलेसा गोवर्द्धनको स्वास्थ्य परीक्षण गरेर परीक्षणको सुरुवात गरिएको हो ।

कार्यक्रममा बोल्दै मन्त्री पौडेलले आफूले मन्त्रालयको नेतृत्व सम्हालेदेखि नै खेलाडीहरूको स्वास्थ्य प्राथमिकतामा राखेको भन्दै मुटुबाट सुरुवात भएको बताउनुभयो । उहाँले पारालम्पिक्समा ठूलो पदक दिलाएर योगदान दिनुभएकी पलेशा गोवर्द्धनको उपलब्धिका अवसरमा यो खेलाडीहरूका लागि उपहार भएको बताउनुभयो । अर्को वर्ष थप स्रोत सुनिश्चित गर्ने भन्दै मन्त्री पौडेलले खेलाडीहरूको स्वास्थ्य सुधारका लागि अरू थप के गर्न सकिन्छ त्यसका लागि तयार रहेको बताउनुभयो ।

युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले खेलाडी विदेशिनुमा उपचार अभाव पनि एउटा कारण रहेको भन्दै स्वास्थ्य मन्त्री पौडेलप्रति आभार प्रकट गर्नुभयो । 'यो सक्रियताका लागि स्वास्थ्य मन्त्रीजीलाई धन्यवाद,' उहाँले भन्नुभयो ।

## एन्फा महिला लिग

# सुदूरपश्चिमको पोस्टमा आर्मीको १४ गोल

**काठमाडौं/हिटा ।** एन्फा महिला लिग फुटबलमा सुदूरपश्चिमविरुद्ध त्रिभुवन आर्मी क्लबले शानदार गोल गरेको छ । मंगलबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा सम्पन्न खेलमा त्रिभुवन आर्मी क्लबले सुदूरपश्चिम प्रदेशलाई १ का विरुद्ध १४ गोल गर्दै शानदार जित निकालेको हो । मध्यान्तरसम्म त्रिभुवन आर्मी क्लबले सुदूरपश्चिम प्रदेशविरुद्ध आठ गोल गरेको थियो । सुदूरपश्चिमले पहिलो खेलमै बागमती युथ क्लबसँग पाँच-एक को फराकिलो हार बेहोरेको थियो भने दोस्रो खेलमा अर्को विभागीय टोली नेपाल पुलिस क्लबले नौ-शून्यको हार चखाएको थियो । गत वैशाखमा सुर्खेतमा भएको लिग छनोट पार गरेर काठमाडौं आएको सुदूरपश्चिम अहिलेसम्म अंक तालिकाको पुछारमा छ । आज (बुधबार) कोशी प्रदेश र नेपाल पुलिस क्लब तथा कर्णाली प्रदेश र संकटा क्लबबीच खेल हुनेछ ।

# ट्रायल मास्टरमा नेपालका नौ खेलाडी सहभागी हुने

**काठमाडौं/हिटा ।** मलेसियाको सबाहमा हुने एसियाली ट्रायल मास्टर च्याम्पियनसिप फाइनलमा नेपालबाट नौ खेलाडी सहभागी हुने भएका छन् । त्यसका लागि नौ खेलाडीसहित १२ सदस्यीय नेपाली टोली बिहीबार मलेसिया प्रस्थान गर्दै छ । सेप्टेम्बर १२ देखि १५ तारिखसम्म हुने प्रतियोगितामा रशिला तामाङ, प्रिया राई, छोकी शेर्पा, पदमकुमारी सुनुवार, आङ फुर्वा शेर्पा, मिलन कुलुङ, लोकेन्द्र राई, अर्जुन कुलुङ राई र फुर्पा सिंगी तामाङले नेपालको चुनौती प्रस्तुत गर्नुहुनेछ । रशिला भने प्रतियोगिताका लागि स्पेनमा रहेकाले त्यतैबाट मलेसिया जानुहुनेछ । सबै खेलाडीले ७८ किलोमिटर दूरीमा प्रतिस्पर्धा गर्ने नेपाल एडभेन्चर रनिङ महासंघका वरिष्ठ उपाध्यक्ष राजन खत्रीले जानकारी गराउनुभयो । प्रशिक्षकमा पूर्ण तामाङ तथा अफिसियलमा सुवास थापा र रिकेश योञ्जन रहनुभएको छ ।

टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङ र राखेप कार्यकारी समितिका सदस्य एवं नेपाल एडभेन्चर रनिङ महासंघका अध्यक्ष एकेन्द्र कुँवरले मंगलबार एक कार्यक्रमबीच बिदाइ गर्नुभएको थियो । सो अवसरमा सदस्य-सचिव घिसिङले महासंघको कार्यको प्रशंसा गर्दै वार्षिक क्यालेण्डर नै तयार गरी कार्यक्रमलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले खेलाडीको तयारी, खेलाडीको विगतको अन्तर्राष्ट्रिय सहभागिता, उपलब्धि र टाइमिङलगायतका विषयमा खेलाडीसँग चासो व्यक्त गर्नुभएको थियो । अध्यक्ष कुँवरले खेलाडीलाई बढीभन्दा बढी एक्सपोजर दिन धधधसंघले प्रयत्न गरिरहेको बताउँदै सामूहिक प्रयासले महासंघलाई नेपालकै उत्कृष्ट खेल संघ बनाउन क्रियाशील रहने प्रतिबद्धता जनाउनुभयो ।

# आर्चरी, उसु र कुस्तीमा चीनको सहयोग

**काठमाडौं/हिटा ।** नेपालमा परम्परागत आर्चरी, उसु र कुस्ती खेलमा सहयोग गर्न चीनको युनानस्थित स्पोर्ट इन्स्टिच्युट अफ युनान विश्वविद्यालय, ट्रेडिसनल आर्चरी एसोसिएसन युनान र कुन्मिङ जेन्जी आर्चरी क्लबले प्रतिबद्धता व्यक्त गरेका छन् ।

नेपाल उसु महासंघ, मार्सल आर्ट अर्गनाइजेसन अफ नेपाल र राष्ट्रिय खेलकुद परिषद्का प्रतिनिधिसँग चीनको युनानमा भएको भेटमा युनान विश्वविद्यालयका प्रमुख तथा पदाधिकारीहरूले यस्तो प्रतिबद्धता जनाएको राष्ट्रिय खेलकुद परिषद्का सदस्य तथा नेपाल कुस्ती संघका अध्यक्ष प्रकाशकुमार कुसारीले जानकारी दिनुभयो ।

छलफलमा नेपाल उसु महासंघका उपाध्यक्ष अभिषेकविक्रम शाह र उपमहासचिव तथा वरिष्ठ प्रशिक्षक राजीव महर्जन पनि सहभागी हुनुहुन्थ्यो ।

छलफलपश्चात् नेपालमा परम्परागत आर्चरी, उसु र कुस्ती खेलको विकासमा सहयोग गर्नेसम्बन्धी दुई पक्षबीच समझदारी पत्रमा हस्ताक्षर पनि भएको छ । समझदारी पत्रमा उसु महासंघका तर्फबाट उपाध्यक्ष शाह र ट्रेडिसनल आर्चरी एसोसिएसन युनान शाखाका अध्यक्ष कोङ उइझाङले हस्ताक्षर गर्नुभएको छ ।

एघारबुँदे समझदारी पत्रमा प्रशिक्षकहरूको आदानप्रदान गर्ने, नेपाली खेलाडीहरूलाई प्रशिक्षणका लागि विश्वविद्यालय र एसोसिएसनले अवसर दिने, वर्षमा न्यूनतम एक कार्यक्रम संयुक्त रूपमा गर्ने, नयाँ खेलाडी उत्पादनका लागि आवश्यक सहयोग गर्ने, परम्परागत आर्चरी र उसु तथा कुस्ती खेलको विकासका लागि सांस्कृतिक आदानप्रदान तथा सामाजिक जागरण गर्ने, प्रतियोगिताहरूमा सहभागिता गराउने तथा खेल जागरण अभियानसमेत सञ्चालन गर्ने सहमति भएको छ ।

यो समझदारीले खेलसँगै सांस्कृतिक पर्यटनमा सहयोग पुग्ने उपाध्यक्ष शाहले बताउनुभयो । छलफलमा राखेप सदस्य कुसारीले चीनले नेपालको खेलसँगै खेल पूर्वाधारको क्षेत्रमा निरन्तर सहयोग पुऱ्याउँदै आएकामा धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रहने अपेक्षा गर्न'भएको संघले जनाएको छ ।

उपाध्यक्ष शाहले विद्यालय तहदेखि नै आर्चरी तथा उसु खेल सिकाउन सकिए एसियाली र दक्षिण एसियाली खेलकुदमा नेपालले राम्रो नतिजा ल्याउन सक्ने बताउनुभएको थियो ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०५/२६**

काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १ स्थित कम्पनीको रजिष्टर्ड कार्यालय रहेको **टीमपावर लोजिस्टिक प्रा.लि.** को मिति २०८१।०४।२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णयानुसार साविक नामको कम्पनीमा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु बुझाउनु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम **टीमपावर लोजिस्टिक्स नेपाल प्रा.लि. (प्रा.लि.नं. २९७२१५)** को कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भकुण्डेबेसी, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

**नमोबुद्ध नगरपालिका क्षेत्र भित्रको प्राकृतिक तथा खानीजन्य वस्तुको विक्रि निकासी शुल्क दस्तुर उठाउने सम्बन्धी बोलपत्र आव्हानको सूचना**

**चौथौं पटक प्रकाशित मिति: २०८१/०५/२६**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) को उपदफा (२) को खण्ड घ (६) अनुसार यस नमोबुद्ध नगरपालिकाबाट आ.व.२०८१/०८२ को लागि २०८२ आषाढ मसान्त सम्म देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी बोलपत्र बढाबढको माध्यमबाट गर्नुपर्ने भएकोले प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन उल्लेखित दर बमोजिम संकलन गर्ने गराउने गरी यस नगरक्षेत्र भित्र उत्पादन गरिएका ढुंगा, गिट्टी, बालुवा, स्लेट, चुनढुंगा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर वहत्तरको विक्रि तथा निकासी शुल्क संकलन कार्यमा बोलपत्र पेश गर्न ईच्छुक फर्म वा कम्पनीहरु बाट तोकीएको न्युनतम अंकमा नघट्ने गरी नगरपालिकाको कार्यालय बाट बोलपत्र सम्बन्धी कागजात (e-Bid Document) ३० औ दिन भित्र खरिद गरी ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ।

| सि.न | ठेक्का नम्बर | कर तथा दस्तुर संकलन क्षेत्र | २०८२ असार मसान्त सम्मको न्यूनतम ठेक्का (मू.अ.कर समेत) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | NMUN/IR/01/2081/082 | नमोबुद्ध नगरपालिका क्षेत्रमा रहेको श्री ब्लु साईन रोडा ढुंगा उद्योग प्रा.लि.बाट निस्कासित रोडा, ढुंगा तथा अन्य प्राकृतिक श्रोत | १,३६,८७,५००/- (एक करोड छत्तिस लाख सतासी हजार पाँच सय मात्र) | ५,०००/- (पाँच हजार मात्र) | |
| २. | NMUN/IR/02/2081/082 | नमोबुद्ध नगरपालिका क्षेत्रमा रहेको श्री तिरुपति रोडा ढुंगा उद्योग प्रा .लि.बाट निस्कासित रोडा, ढुंगा तथा अन्य प्राकृतिक श्रोत | ९१,२५,०००/- (एकानब्बे लाख पच्चीस हजार रूपैया मात्र) | ५,०००/- (पाँच हजार मात्र) | |

नोट: यस सम्बन्धि विस्तृत सूचना कार्यालयको वेबसाईट namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

**भावपूर्ण श्रद्धाञ्जलि**



जन्म
१९९६/०३/२३ गते

स्वर्गारोहण
२०८१/०५/०८ गते

**स्व. राजेन्द्र प्रसाद उपाध्याय**

हाम्रा पुज्यनीय पिताजी राजेन्द्रप्रसाद उपाध्यायको ३०-०८-२४ का दिन भएको असामायिक निधनले हामीलाई स्तब्ध बनाएको छ । उहाँले लामो समयसम्म सामाजिक कार्यमा महत्वपूर्ण योगदान पुऱ्याएको स्मरण गर्न चाहन्छौ । उहाँको निधनले हाम्रो परिवारसहित रामनगर गाउँनै शोकमग्न भएको छ । यस दुखद् घडीमा उहाँलाई श्रद्धाञ्जलि प्रकट गर्ने र हामीलाई सान्त्वाना दिनुहुने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछौ ।

निरन्जन प्रशाद उपाध्याय (सानो बुवा)
मनोज उपाध्याय
सुधिर उपाध्याय
रेखा उपाध्याय
अनिल उपाध्याय
रोजिता उपाध्याय
सन्दिप उपाध्याय
पुनम उपाध्याय
नविन उपाध्याय

प्रभा उपाध्याय
अनुप शर्मा
निता शर्मा
विवेक उपाध्याय
ममता उपाध्याय
रमेश ढकाल
निमा ढकाल
वरुण उपाध्याय
उमंग मेशराम
ऐश्वर्या शर्मा
वर्तिका उपाध्याय

प्रतिक उपाध्याय
प्रसिस उपाध्याय
मृशा उपाध्याय
श्रेणा उपाध्याय
अतर्व उपाध्याय
अध्धयन उपाध्याय
आयुषा उपाध्याय
प्रशान्त उपाध्याय
आर्भिक उपाध्याय
प्रज्ञान उपाध्याय